## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
## स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
## सानोठिमी, भक्तपुरको
## शुल्क समायोजन सम्बन्धी अत्यन्त जरुरी सूचना !
## प्रकाशित मिति २०८०/०३/२९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृति प्राप्त गरि नीजि रुपमा सञ्चालित शिक्षण संस्थाहरुमा शैक्षिक सत्र २०७१/०७२ मा तोकिएको शुल्क हाल सम्म पनि साविक बमोजिम नै कायम रहेको सन्दर्भमा शैक्षिक सत्र २०८०/०८१ देखि लागु हुने गरि तपसिलका कार्यक्रमहरका लागि देहाय बमोजिमको अधिकतम शुल्क कायम गरिएको व्यहोरा मिति २०७९/०९/०६ को माननीय मन्त्री स्तरीय निर्णय, विभिन्न समयमा गठित शुल्क समायोजन सम्बन्धी कार्यटोलीका सुझाव एवं परिषद् कार्यालयको मिति २०८०/०३/०१ को निर्णय बमोजिम शैक्षिक सत्र २०८०/०८१ देखि भर्ना **(Intake)** भएका प्रशिक्षार्थीहरुबाट मात्र शुल्क लिने गरि शुल्क समायोजन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै उल्लेखित कार्यक्रमहरु बाहेक अन्य कार्यक्रमका लागि शैक्षिक सत्र २०७१/०७२ मा तोकिएकै अधिकतम शुल्क नै कायम गरिएको व्यहोरा सम्बन्धित संस्था, सञ्चालक, प्रशिक्षार्थी, अभिभावक तथा सरोकारवाला सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | कार्यक्रम | प्रथम वर्ष | द्धितिय वर्ष | तृतीय वर्ष |
|---|---|---|---|---|
| १ | प्रमाण-पत्र तह नर्सिङ्ग | २४९६९०/- | १८७२७०/- | १८७२७०/- |
| २ | प्रमाण-पत्र तह सामान्य चिकित्सा | २०९५३०/- | १५७१४५/- | १५७१४५/- |
| ३ | डिप्लोमा इन फार्मेसी | १६९४६४/- | १२७०९८/- | १२७०९८/- |

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८

Reg. No.: 926/065/066

Forum for
Health & Technical Science

च.न:४९।०८०।०८१

मिति : २०८१।०२।२०

श्रीमान उपाध्यक्ष ज्यू,

प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद्,

सानोठिमी, भक्तपुर

विषय : शुल्क समायोजन सम्बन्धमा ।

उपर्युक्त विषयमा प्रा.शि.तथा व्य.ता.परिषद्‌बाट सम्बन्धन लिई निजी स्तरमा सञ्चालित स्वास्थ्य क्षेत्रका विभिन्न विषयका मापदण्ड अनुसार जम्मा ४० सिट भर्ना क्षमता मध्ये ४ (१० प्रतिशत) सिट निःशुल्क छात्रवृत्ति उपलब्ध गराई बाँकि ३६ सिटमा भर्ना हुने विद्यार्थीहरूबाट लिने शुल्कमा एक रुपता ल्याउन शैक्षिक सत्र २०६८ बाट प्रमाण-पत्र तहका नर्सिङ तर्फ रु ३,९६,००० मात्र , सामान्य चिकित्सा तर्फ रु ३,४८,९९८ मात्र तथा डिप्लोमा इन फार्मेसी तर्फ जम्मा रु २,५८,१२८ मात्र शुल्क निर्धारण गरी लागु गरिएकोमा समय सापेक्ष शुल्क समायोजन गर्ने क्रममा उल्लेखित कार्यक्रमहरूको शुल्क शैक्षिक सत्र २०७१ मा समायोजन गरी नर्सिङ तर्फ रु ४,७५,००० मात्र , सामान्य चिकित्सा तर्फ रु ४,०४,००० मात्र तथा डिप्लोमा इन फार्मेसी तर्फ जम्मा रु ३,३७,८०० मात्र शुल्क निर्धारण गरी सोही शैक्षिक सत्र वाट लागु गरियो । साथै सो शुल्क सम्बन्धी व्यवस्थालाई हरेक दुइ वर्षमा समय सापेक्ष समायोजन गर्दै लैजाने गरी निर्णय भएको भनी सार्वजनिक सूचना तथा कार्यान्वयनका लागि परिपत्र समेत गरिएको भएतापनि उल्लेखित विषयहरूको शुल्क समायोजन हुन सकेन । शुल्क सम्बन्धि समस्या समाधानका लागि माननिय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराज मणि पोखरेल ज्यूले २०७५ जेष्ठमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव श्री दिपक शर्मा ज्यूको संयोजकत्वमा गठित कार्यदलले तयार गरेको **“प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत संचालित कार्यक्रमहरुको शुल्क निर्धारण तथा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरुलाई सेवामा लगाउने आधारहरु सम्बन्धि प्रतिवेदन**

E-mail: forumforhts@gmail.com , Ph:01-4783562, New Baneshwor, kathmandu

२०७५" समेत मन्त्रालयमा पेश भएर, कार्यान्वयनमा नगएरै, २०८१ साल सम्म ११ वर्ष बिती सक्दा पनि शूल्क समायोजन हुन नसकेको ब्यहोरा समेत अनुरोध छ ।

२०७१ देखि २०८१ सम्मका ११ वर्ष सम्म निरन्तर देशको सबै क्षेत्रमा बढी रहेको महङ्गीको अनुपातमा शुल्क समायोजन गर्न परिषद् कार्यालय समक्ष पटक पटक अनुरोध र प्रयासपछी २०८०।०३।२९ गतेको सार्वजनिक सुचना मार्फत शुल्क वृद्धी गरी नर्सिङमा ६,२४,२३० मात्र, सामान्य चिकित्सामा ५,२३,८२० मात्र र डिप्लोमा इन फार्मेसीमा ४,२३,६६० हुनेगरी लागू गरियो । तर दुर्भाग्यवस श्रावण ४ गते सरोकारवाला पक्षहरुसँग छलफल गरी शुल्क कार्यान्वयन गर्ने भन्दै शुल्क समायोजन स्थगन गरियो र भाद्र १ गतेको सुचना मार्फत शुल्क समायोजन रद्ध गरियो ।

प्राविधिक शिक्षाको गुणस्तर, शिक्षण संस्थाहरूको शैक्षिक पूर्वाधारको व्यवस्था र ती पूर्वाधारहरू जस्तै दक्ष जनशक्ति, यथेष्ट शैक्षिक सामाग्री तथा औजारहरू सहितको प्रयोगशाला, प्रयोगात्मक तथा व्यावहारिक सिपमूलक कक्षाहरू, क्लिनिकल अभ्यासको लागि अस्पताल तथा सामुदायिक स्वास्थ्य सस्थाहरुमा सिक्ने वातावरण निर्माण गर्नका लागि समयानुकुल शुल्क निर्धारण हुनु पर्नेमा कसैको पनि विमती नहोला ? यसर्थ गुणस्तरिय प्राविधिक शिक्षा प्रदान गर्न पुनरावलोकन गरिएको शुल्क समायोजन कार्यान्वयन गरी लागू गर्ने वातावरण बनाइदिनुहुन विनम्र अनुरोध गर्दछु ।

प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदले सरोकारवाला पक्षहरुसँग छलफल गरी पुनरावलोकित शूल्क लागु गर्ने भनिएता पनि आजसम्म कुनै छलफल गरिएको जानकारी प्राप्त नभएकाले अबको तिन हप्ता भित्र सरोकारवालाहरुसँग छलफल गराई सो शूल्क कार्यान्वयन गरिदिनुहुन अनुरोध छ । **अन्यथा २०८१ असार १२ गते फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्सले पत्रकार सम्मेलन मार्फत सिटिइभिटी को २०८०।०३।२९ गतेको सार्वजनिक सुचना अनुसारको शुल्क कार्यान्वयनको घोषणा गरी लागु गर्न बाध्य हुने व्यहोरा समेत अनुरोध गर्दछु ।**

धन्यबाद !

निर्मल सापकोटा
महासचिव

Reg. No.: 926/065/066

Forum for
Health & Technical Science

मिति : २०८१।०३।१२

**प्रेस विज्ञप्ती**

*प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद सानेठिमीबाट सम्बन्धन प्राप्त गरी देशभर निजि, सहकारी र ट्रष्ट अन्तर्गत संचालनमा रहेका प्रमाणपत्र तह नर्सिङ, सामान्य चिकित्सा र डिप्लोमा इन फर्मेसी कार्यक्रमहरुको शुल्क समायोजन गरिएको सम्बन्धमा प्रेस विज्ञप्ती ।*

पत्रकार ज्यूहरु,

**हाम्रो आमन्त्रणलाई स्विकार गरी उपस्थित सम्पुर्ण पत्रकार ज्यूहरुलाई हार्दिक स्वागत गर्दछौ ।** प्रा.शि.तथा व्य.ता.परिषद्‌बाट सम्बन्धन लिई सञ्चालित स्वास्थ्य क्षेत्रका विभिन्न विषयका मापदण्ड अनुसार जम्मा ४० सिट भर्ना क्षमता मध्ये ४ (१० प्रतिशत) सिट नि:शुल्क छात्रवृत्ति उपलब्ध गराई बाँकि ३६ सिटमा भर्ना हुने विद्यार्थीहरूबाट लिने शुल्कमा एक रुपता ल्याउने भनी शैक्षिक सत्र २०६८ बाट प्रमाण-पत्र तहका नर्सिङ तर्फ रु ३,९६,००० मात्र, सामान्य चिकित्सा तर्फ रु ३,४८,९९८ मात्र तथा डिप्लोमा इन फार्मेसी तर्फ जम्मा रु २,५८,१२८ मात्र शुल्क निर्धारण गरी लागु गरियो । सिटिइभिटी अन्तर्गत प्रविणता प्रमाणपत्र तहमा स्वास्थ्य तर्फ १२ वटा, इन्जिनियरिङ तर्फ १६ वटा, कृषि तथा वन तर्फ ४ वटा र होटल तथा अन्य तर्फ २ वटा गरी जम्मा ३४ वटा कार्यक्रमहरु संचालनमा रहेता पनि उल्लेखित ३ विषयहरुमा मात्रै शुल्क निर्धाराण गरिएको छ ।

समय सापेक्ष शुल्क समायोजन गर्ने क्रममा उल्लेखित कार्यक्रमहरूको शुल्क शैक्षिक सत्र २०७१ मा समायोजन गरी नर्सिङ तर्फ रु ४,७५,००० मात्र (प्रति महिना १३,१९५ मात्र), सामान्य चिकित्सा तर्फ रु ४,०४,००० मात्र (प्रति महिना ११,२२२ मात्र) तथा डिप्लोमा इन फार्मेसी तर्फ जम्मा रु ३,३७,८०० मात्र(प्रति महिना ९,३८३ मात्र) शुल्क निर्धारण गरी सोही शैक्षिक सत्र वाट लागु गरियो । साथै सो शुल्क सम्बन्धी व्यवस्थालाई हरेक दुइ वर्षमा समय सापेक्ष समायोजन गर्दै लैजाने गरी निर्णय भएको भनी सार्वजनिक सूचना तथा कार्यान्वयनका लागि परिपत्र समेत गरिएको भएतापनि विगत ११ वर्ष देखी उल्लेखित विषयहरूको शुल्क समायोजन हुन सकेको छैन । समय सापेक्ष शुल्क समायोजका लागि यहि जेष्ठ २२ गते मंगलबार फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्सको अध्यक्ष डा.नेत्रराज चटौत ज्यूको

नेतृत्वमा सिटिइभिटी नेतृत्वसँग छलफल गरी तिन हप्ता भित्र पनि शुल्क समायोजन सम्बन्धमा कुनै निर्णय नआएमा असार १२ गते पत्रकार सम्मेलन मार्फत शुल्क सार्वजनिक गर्ने अल्टिमेटम दिइएको थियो । यसै अनुरुप यो पत्रकार सम्मेलनको आयोजना गरिएको हो ।

शुल्क समायोजन सम्बन्धि व्यवस्थाका लागि माननिय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराज मणि पोखरेल ज्यूले २०७५ जेष्ठमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव श्री दिपक शर्मा ज्यूको संयोजकत्वमा गठित कार्यदलले तयार गरेको "**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत संचालित कार्यक्रमहरुको शुल्क निर्धारण तथा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरुलाई सेवामा लगाउने आधारहरु सम्बन्धि प्रतिवेदन २०७५**" समेत मन्त्रालयमा पेश भएपनी कार्यान्वयन भएन । यसरी २०७१ सालमा तोकिएको शुल्क २०८१ साल, ११ वर्ष सम्म पनि समायोजन नभएको तथा शुल्क समायोजन नगरी २०७१ सालमा तोकिएको शुल्कमा कक्षा सुचारु गर्न नसकिने अवस्था रहेको व्यहोरा सम्पुर्ण उपस्थित पत्रकार ज्यूहरु र यहाँहरु मार्फतसम्पुर्ण अभिभावक, विद्यार्थीहरु र आम सरोकारवालाहरु समक्ष अनुरोध गर्दछौ ।

**पत्रकार ज्यूहरु,**

यस संस्थामार्फत २०७१ देखि २०८१ सम्मका ११ वर्ष सम्म निरन्तर देशको सबै क्षेत्रमा बढी रहेको महङ्गीको अनुपातमा शुल्क समायोजन गर्न परिषद् कार्यालय समक्ष पटक पटक अनुरोध एवं निरन्तर प्रयासपछी २०८०।०३।२९ गते सिटिइभिटीको सार्वजनिक सुचना मार्फत शुल्क समायोजन गरियो । जस अनुसार ३ वर्षको लागि पिसिएल नर्सिङमा ६,२४,२३० मात्र (मासिक रु १७,३३९), सामान्य चिकित्सामा ५,२३,८२० मात्र (मासिक रु १४,५५०), र डिप्लोमा इन फार्मेसीमा ४,२३,६६० (मासिक रु ११,७६८), कायम गरियो । फेरी २०८० श्रावण ४ गते सरोकारवाला पक्षहरुसँग छलफल गरी शुल्क कार्यान्वयन गर्ने भन्दै शुल्क समायोजन स्थगन गरेको सार्वजनिक सुचना गरियो । दुर्भाग्यवस २०८० भाद्र १ गतेको सार्वजनिक सुचना मार्फत शुल्क समायोजन रद्ध गरियो । त्यसपछी आजसम्म शुल्क समायोजनका लागि कुनै छलफल र पहलकदमी लिइएको यस संस्थाको जानकारीमा छैन ।

पाठ्यक्रमको व्यवस्था अनुरुप प्राविधिक शिक्षाको गुणस्तर, शिक्षण संस्थाहरूको शैक्षिक पूर्वाधारको व्यवस्था र ती पूर्वाधारहरू जस्तै दक्ष जनशक्ति, यथेष्ट शैक्षिक सामाग्री तथा औजारहरू सहितको प्रयोगशाला, प्रयोगात्मक तथा व्यावहारिक सिपमूलक कक्षाहरू, क्लिनिकल अभ्यासको लागि अस्पताल तथा सामुदायिक स्वास्थ्य सस्थाहरुमा सिक्ने वातावरण निर्माण गर्नका लागि समयानुकुल शुल्क निर्धारण हुनु पर्दछ । समयसापेक्ष शुल्क समायोजन विना चिकित्सा शिक्षामा गुणस्तर सम्भव छैन भन्ने विषय राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५

अनुसार स्थापित राष्ट्रिय चिकित्सा शिक्षा आयोगबाट २०७६ सालमा तोकिएको शुल्कमा समेत १ वा २ वर्षमा नियमित रुपमा शुल्क समायोजन भैरहेको अवस्थाले समेत प्रष्ट पार्दछ ।

**पत्रकार ज्यूहरु,**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले २०७१ सालमा शुल्क निर्धारण गरेका कार्यक्रमहरुको शुल्क पुनरावलोकन हुन किन जरुरी छ भन्ने विषय तलका तत्थ्यहरु मार्फत प्रष्ट पार्न चाहान्छौ ।

१. यो ११ वर्षको अवधिमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले शिक्षण संस्थासँग लिने शुल्कमा भारी वृद्धी गरेको छ ।

| सि.न. | विवरण | २०७१ अगाडी | हालको शुल्क | |
|---|---|---|---|---|
| १ | प्रवेश परिक्षा शुल्क | ८००.०० | १,५००.०० | |
| २ | अनुगमन शुल्क | १,००,०००.०० | २,००,०००.०० | |
| ३ | सस्था नविकरण शुल्क | २०,०००.०० | ३०,०००.०० | संस्थागत |
| ४ | कार्यक्रम नविकरण शुल्क | ५,०००.०० | १०,०००.०० | प्रति कार्यक्रम |
| ५ | कार्यक्रम धरौटी | ५,००,०००.०० | १०,००,०००.०० | |

( **स्रोत : *CTEVT Notice*** )

यसरी प्रति विद्यार्थी वा प्रति कार्यक्रम वा संस्थागत रुपमा प्राविधिक शिक्षालयहरुले सिटिइभिटीलाई बुझाउनु पर्ने शुल्कमा ५० देखी १०० प्रतिशत सम्म शुल्क वृद्धि भएको देखिन्छ ।

२. प्राविधिक शिक्षा आफैमा सैदान्तिक भन्दा पनि प्रयोगात्मक सिपका आधारमा प्रदान गरिने शिक्षा हो । प्रयोगात्मक सिप प्रदान गर्न उपयूक्त हस्पिटल, ल्याब, दक्ष शिक्षक शिक्षिका लगाएतका पुर्वाधारहरु हुनु अनिवार्य रहेको छ । यस्ता दक्ष प्राविधिकहरुको लागत मुल्य नै अत्याधिक वृद्धि भएको छ । सरदर बजारको मुल्य वृद्धिदर मात्रै अध्ययन गर्ने हो भने यो ११ वर्षको अवधिमा वार्षिक मुल्य वृद्धिदर निम्नानुसार रहेको छ ।

**मुल्य बृद्धिदर : २०७१ देखी २०८० सम्म**

| वर्ष | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मुल्यबृद्धि दर (%) | ८.३६ | ७.८७ | ८.७९ | ३.६३ | ४.०६ | ५.५७ | ५.०५ | ४.०९ | ७.७४ | ६.३१ |

स्रोत : world data info

दश वर्षको मुल्यवृद्धिदरलाई औसतमा हेर्ने हो भने पनि वार्षिक ६.१४ प्रतिसतका दरले मुल्यवृद्धि भएको छ ।

**३. मुख्य खर्चका शिर्षकहरुमा भएको वृद्धिको अवस्था वि.सं. २०७१ देखि २०८१ सम्मको :**

| सि.न. | शुल्क निर्धारणका आधारहरु | २०७१ को दर ( रु ) | २०८० को दर ( रु ) | कैफियत |
|---|---|---|---|---|
| १. | घरभाडा | १००,०००.०० | २५०,०००.०० | औषत |
| २. | डिजेल / पेट्रोल - प्रति लिटर | ७५ / ७८ | १५२/१६५ | प्रति लिटर |
| ३.१ | अस्पताल /औषधि कम्पनि प्रवेश शुल्क /महिना | ३०००.०० | ५०००.०० | प्रति विद्यार्थी |
| ३.२ | सामुदायिक स्वास्थ्य संस्थाको सुपरिवेक्षण शुल्क | ५००.०० | १०००.०० | प्रति विद्यार्थी |
| ३.३ | क्याम्पस प्रमुखको तलब | ३२,१२०.०० | ४५,०००.०० | |
| ४.१ | कोअर्डिनेट भत्ता | १५००.०० | ५,०००.०० | |

४. २०७१ साल देखि २०८१ साल सम्म को समय अवधिमा नेपाल सरकारले ५ पटक तलव तथा भत्ता वृद्धि सम्वन्धि व्यवस्था गरेको छ । सो कारणबाट शिक्षक तथा कर्मचारिको तलब खर्चमा भएको वृद्धि सम्वन्धमा तल प्रस्तुत विबरणले प्रष्ट गर्दछ ।

**नेपाल सरकारले वजेट वक्तव्य मार्फत गरेका तलब तथा भत्ता सम्वन्धि व्यवस्थाहरुमा समायोजनः**

| सि.नं. | वजेट भाषणको मिति | अर्थ मन्त्री | तलब भत्ता सम्वन्धि व्यवस्था |
|---|---|---|---|
| १. | २०७१ साल असार २९ (२०७२ श्रावण १ गते देखि लागु हुनेगरि ) | डा. राम सरण महत | • तलब वृद्धि १० प्रतिशत<br>• स्थानिय भत्ता वृद्धि २५ प्रतिशत<br>• फिल्ड भत्ता वृद्धि ५० प्रतिशत |
| २. | २०७५ साल जेष्ठ १५ (२०७५ श्रावण १ गते देखि लागु हुनेगरि ) | डा. युवराज खतिवडा | • महगिं भत्ता वृद्धि गरि २०००.०० पुराईयको |
| ३. | २०७६ साल जेष्ठ १५ (२०७६ श्रावण १ गते देखि लागु हुनेगरि ) | डा. युवराज खतिवडा | • तलब वृद्धि<br>• राजपत्र अनंकितः २० प्रतिशत<br>• राजपत्र अंकित : १८ प्रतिशत |

| | | | |
|---|---|---|---|
| ४ | २०७८ साल जेष्ठ १५<br>(२०७८ श्रावण १ गते देखि लागु हुनेगरि ) | श्री विष्णु प्रसाद शर्मा | ● तलब वृद्धि मासिक रु २००० को दरले |
| ५ | २०७९ साल जेष्ठ १५<br>(२०७९ श्रावण १ गते देखि लागु हुनेगरि ) | श्री जनार्जन सर्मा प्रभाकर | ● तलब वृद्धि १५ प्रतिशतका८९ दरले |

- उदाहरणको लागि २०७१ सालमा नेपाल सरकार रा.प.अ. तृतिय श्रेणीको आधार तलब रु २२,१८० रहेकोमा २०७९/०८० मा रु ४३,६७९ पुगेको अवस्था देखिन्छ ।

**पत्रकार ज्यूहरु,**

प्रस्तुत सम्पुर्ण सुचनाहरु, देशको आर्थिक वृद्धि दर, खर्चका शिर्षकहरुमा आएको समसामयिक परिवर्तन, शिक्षक तथा कर्मचारिको तलब भत्तामा आएको वृद्धि, अस्पताल, सामुदायिक स्वास्थ्य संस्थाहरु, तथा औषधि कम्पनि तथा फार्मेसिहरु सम्वन्धि सुल्कहरुमा भएको वृद्धि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद सम्वन्धि शुल्कहरु समेत मा भएको वृद्धि समेतलाई मध्ये नजर गरि देशभर हाल संचालनमा रहेका स्वास्थ्य क्षेत्र तर्फका प्रविणता प्रमाण पत्र तहका नर्सिङ्ग ,सामान्य चिकित्सा तथा डिप्लोमा इन फार्मेसी विषयको शुल्क वृद्धी हुनु मनासिव र न्यायोचित रहेको प्रथम दृष्टिबाटै प्रष्ट हुन्छ ।

सिटिइभिटी ऐन, नियमावली र संस्था संम्बन्धनका सर्तहरुमा समेत प्रशिक्षार्थीहरु सँग लिने शुल्कहरु संचालनका लागि लागत खर्चका आधारमा परिषद कार्यालयको परामर्षमा शिक्षण संस्थाका संचालक समितिले निर्धारण गर्ने व्यवस्था रहेकोले आजैका मितिबाट हरेक शिक्षण संस्थाका संचालक समितिहरुले मिति २०८० असार २९ गते सिटिइभिटीको सार्वजनिक सुचना अनुसारको शुल्क सिमाभित्र रहि शुल्क निर्धारण गरी यसै शैक्षिक सत्रबाट लागु गर्न गराउन साथै समायोजन गरी लागु गरिएको शुल्क सम्बन्धमा सिटिइभिटी कार्यालय र फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्सको कार्यालयमा लिखित जानकारी गराउन समेत अपिल गर्दछौ ।

पत्रकार ज्यूहरु,

राज्यको तर्फबाट समय सापेक्ष जिम्मेवारी पुरा नभएको वर्तमान अवस्थामा प्राविधिक शिक्षाको गुणस्तरियत कायम गर्न देश भरका शिक्षण संस्थाहरुको साझा संगठन फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्सको अगुवाइमा सिटिइभिटी ऐन २०४५, सिटिइभिटी नियमावली २०५१ र हरेक शिक्षण संस्थाका सम्बन्धनका सर्तहरुको अधिनमा गरिएको शुल्क समायोजन सम्बन्धि निर्णयलाई सम्बन्धित सम्पुर्ण सरोकारवालाहरु सम्म संप्रेसण गरिदिनुहुन समेत उपस्थित सम्पुर्ण पत्रकार महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौ ।

धन्यबाद !


निर्मल सापकोटा
महासचिव
९८५११५१३१४

डा. नेत्रराज चटौत
अध्यक्ष
९८५८७५००८२

Reg. No.: 926/065/066

Forum for
Health & Technical Science

च.न.:५६।२०८०।०८१

मिति : २०८१।०३।१२

**श्री फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्ससँग आवद्ध**
**पिसिएल नर्सिङ, सामान्य चिकित्सा र फार्मेसी कार्यक्रम संचालन**
**गरिरहेका संस्थाहरु,**

**विषय : शुल्क समायोजन सम्बन्धि निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा शै.स. २०८१/०८२ को लागि पिसिएल नर्सिङ, जनरल मेडिसिन र डिप्लोमा इन फार्मेसी विषयको शिक्षण शुल्क सम्बन्धमा सिटिइभिटीको मिति २०८०।०३।२९ गतेको शुल्क समायोजन सम्बन्धि सार्वजनिक सुचना तथा फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्स केन्द्रीय समितिको मिति २०८१ आषाढ ११ गतेको पूर्ण बैठकको निर्णय अनुसार सिटिइभिटीको मिति २०८०।०३।२९ गतेको शुल्कलाई अधिकतम सिमा कायम गरी संचालक समितिको बैठक बसी शुल्क निर्धारण गरी यसै शैक्षिक सत्रबाट लागु गर्न र लागु गरिएको शूल्कको विवरण तथा समितिको बैठकको निर्णयको प्रतिलिपी सिटिइभिटी कार्यालय र फोरम फर हेल्थको केन्द्रीय कार्यालयमा यथासिघ्र पठाउन पत्रकार सम्मेलन मार्फत जानकारी गराई परिपत्र जारी गरिएको व्यहोरा अनुरोध गर्दछु ।

*पुनश्च : फोरम फर हेल्थबाट २०८१ जेष्ठ २२ मा पेश गरिएको लिखित ज्ञापनपत्र र २०८१ असार १२ गतेको पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्ती समेत परिपत्रसाथ संलग्न गरिएको छ ।*

| | |
|---|---|
| निर्मल सापकोटा | डा.नेत्रराज चटौत |
| महासचिव | अध्यक्ष |

E-mail: forumforhts@gmail.com , Ph:01-4783562, New Baneshwor, kathmandu

Reg. No.: 926/065/066

Forum for
Health & Technical Science

च.न.:५७२०८०।०८१

मिति : २०८१।०३।१२

श्रीमान् सदस्य सचिव ज्यू,

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद,

सानोठिमी, भक्तपुर

विषय : शुल्क निर्धारण सम्बन्धमा ।

प्रस्तुत विषयमा शै.स. २०८१/०८२ को लागि सिटिइभिटी अन्तर्गत पिसिएल नर्सिङ, जनरल मेडिसिन र डिप्लोमा इन फार्मेसी विषयको शिक्षण शुल्क निर्धारण सम्बन्धमा फोरमको मिति २०८१ जेष्ठ २२ गतेको लिखित ज्ञापनपत्रमा उल्लेख भए बमोजिम २०८१ असार १२ गतेको पत्रकार सम्मेलन अयोजना गरी सिटिइभिटीको मिति २०८०।०३।२९ गतेको शुल्क समायोजन सम्बन्धि सार्वजनिक सुचनामा उल्लेखित शुल्कलाई अधिकतम सिमा मानि आ-आफ्नो संचालक समितिको बैठक बसी शुल्क निर्धारण सम्बन्धी निर्णय गरी यसै शैक्षिक सत्र २०८१/०८२ बाट लागु गर्न र लागु गरिएको शूल्कको विवरण तथा समितिको बैठकको निर्णयको प्रतिलिपी सिटिइभिटी कार्यालय र फोरम फर हेल्थको केन्द्रीय कार्यालयमा यथासिघ्र पठाउन पत्रकार सम्मेलन मार्फत जानकारी गराई परिपत्र जारी गरिएको व्यहोरा अनुरोध गर्दछु ।

*पुनश्च : फोरम फर हेल्थबाट २०८१ जेष्ठ २२ मा पेश गरिएको लिखित ज्ञापनपत्र र २०८१ असार १२ गतेको पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्ती समेत परिपत्रसाथ संलग्न गरिएको छ ।*

निर्मल सापकोटा
महासचिव

डा.नेत्रराज चटौत
अध्यक्ष

E-mail: forumforhts@gmail.com , Ph:01-4783562, New Baneshwor, kathmandu

Reg. No.: 926/065/066

Forum for
Health & Technical Science

च.न.:५८।२०८०।०८१

मिति : २०८१।०३।१२

माननिय मन्त्री ज्यू,

शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय, तथा

अध्यक्ष, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद,

सानोठिमी, भक्तपुर

विषय : शुल्क निर्धारण सम्बन्धमा ।

प्रस्तुत विषयमा शै.स. २०८१/०८२ को लागि सिटिइभिटी अन्तर्गत पिसिएल नर्सिङ, जनरल मेडिसिन र डिप्लोमा इन फार्मेसी विषयको शिक्षण शुल्क निर्धारण सम्बन्धमा फोरमको मिति २०८१ जेष्ठ २२ गतेको लिखित ज्ञापनपत्रमा उल्लेख भए बमोजिम २०८१ असार १२ गतेको पत्रकार सम्मेलन अयोजना गरी सिटिइभिटीको मिति २०८०।०३।२९ गतेको शुल्क समायोजन सम्बन्धि सार्वजनिक सुचनामा उल्लेखित शुल्कलाई अधिकतम सिमा मानि आ-आफ्नो संचालक समितिको बैठक बसी शुल्क निर्धारण सम्बन्धी निर्णय गरी शैक्षिक सत्र २०८१/०८२ बाट लागु गर्न र लागु गरिएको शूल्कको विवरण तथा समितिको बैठकको निर्णयको प्रतिलिपी सिटिइभिटी कार्यालय र फोरम फर हेल्थको केन्द्रीय कार्यालयमा यथासिघ्र पठाउन पत्रकार सम्मेलन मार्फत जानकारी गराई परिपत्र जारी गरिएको व्यहोरा अनुरोध गर्दछु ।

*पुनश्च : फोरम फर हेल्थबाट २०८१ जेष्ठ २२ मा पेश गरिएको लिखित ज्ञापनपत्र र २०८१ असार १२ गतेको पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्ती समेत परिपत्रसाथ संलग्न गरिएको छ ।*

निर्मल सापकोटा
महासचिव

डा.नेत्रराज चटौत
अध्यक्ष